दीपक राज जोशी
प्रमुख प्रशासकीय अधिकृत
लेकम गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
रातामाटा, दार्चुला
सुदूरपश्चिम प्रदेश, नेपाल
२०७३

# लेकम गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
# रातामाटा, दार्चुला
# सुदूरपश्चिम प्रदेश, नेपाल

## आन्तरिक आयको ठेक्का सूचना

चमेलिया नदीको ( लेकम गा.पा. वडा न. १ को चोचेबगर बोरेगाड क्षेत्र) प्राकृतिक श्रोत नदि जन्य पदार्थ ( ढुंगा गिट्टी वालुवा तथा ग्रावेल आदि) को बिक्रि शुल्क संकलन

प्रथम पटक प्रकाशित मितिः२०८३/०५/१८ गते

स्थानीय सरकार सञ्चालन ऐन, २०७४, को दफा ६२ (क) र सुदूरपश्चिम प्रदेश सरकारको आर्थिक ऐन, २०८२ को दफा ८ को उपदफा १ को व्यवस्था र यस लेकम गाउँपालिकाको मितिः२०८२/१२/१२ गतेको कार्यापालिका बैठकको निर्णय बमोजिम आर्थिक बर्ष २०८३/०८४ को तोकिएको अवधिको लागी चमेलिया नदीका ( लेकम गा.पा. वडा न. १) तोकिएका घाटहरुबाट निर्धारित मापदण्ड बमोजिम नदीजन्य पदार्थ उत्खनन गरी यस गाउँपालिकाले तोकेको दरमा बिक्री गर्ने गरी आन्तरिक आयको ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले ईच्छुक फर्म वा कम्पनीहरुले फर्मको नवीकरण भएको प्रमाणपत्र, मूल्य अभिवृद्धी कर दर्ता प्रमाणपत्र, आ.व. २०८२/०८३ को कर चुक्ता प्रमाणपत्र वा सम्बन्धित आ.रा.का.मा कर विवरण पेश गरेको प्रमाण, कानुनी रुपमा योग्य रहेको घोषणापत्र,अख्तियारिनामा र नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपिहरु संलग्न गरी तपसिल बमोजिमका शर्तहरुको अधीनमा रही बोलपत्र प्रक्रियामा सहभागी हुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

लेकम गाउँपालिकाले देहाय बमोजिमको ठेक्काको लागी मिति २०८३/०५/१८ गते का दिन सबै योग्य बोल्पत्रदताहरुको लागी बोलपत्र आव्हानको सूचना प्रकाशित गरेको छ । मिति २०८३/०६/०१ गते कार्यालय समय भित्र बोलपत्र खरिद गरि मिति २०८३/०६/०२ गते दिनको १२:०० बजे भित्र बोलपत्र दर्ता गरि सक्नु पर्नेछ र बोलपत्र खोल्ने मिति २०८३/०६/०२ गते दिनको १:०० बजे कायम गरिएको छ । **विद्युतीय खरिद प्रणालीमा समस्या भई मर्मत सम्भार र सुधार कार्य भई रहेको सार्वजनिक खरिद अनुगमन कार्यालयको सूचना अनुसार बोलपत्र सम्बन्धि कारवाही Hard Copy का माध्यम बाट हुनेछ ।**

देहायः

दीपक राज जोशी
प्रमुख प्रशासकीय अधिकृत

| सूचना नं. बोलपत्र नं. | आन्तरिक आय ठेक्काको नाम | उत्खनन हुने अनुमानित परिणाम (घन फिट) | न्यूनतम बोलपत्र रकम (मू. अ. कर बाहेक) | धरौटी रकम | बोलपत्र दस्तुर |
|---|---|---|---|---|---|
| LRM/IR/03 /2083/084 | चमेलिया नदीको ( लेकम गा.पा. वडा न. १ को चोचेबगर बोरेगाड क्षेत्र) प्राकृतिक श्रोत नदि जन्य पदार्थ ( ढुंगा गिट्टी वालुवा तथा ग्रावेल आदि) को बिक्रि शुल्क संकलन | १५१६२१४.०३ | ६०६४८५६.१२ | कुल कबोल अंकको ५%ले हुन् आउने रकम | ३०००.०० |

बोलपत्र सम्बन्धि बिस्तृत सूचना जानकारीको लागी यस कार्यालयको website: www.lekammun.gov.np मा हेर्नहुन वा यस कार्यालयमा सम्पर्क गर्नहुन अनुरोध गरिन्छ।

शर्तहरु

१. फर्मको हकमा नवीकरण भएको दर्ता प्रमाणपत्र, मूल्य अभिवृद्धी कर दर्ता प्रमाणपत्र, आ.व. २०८२/०८३ को करचुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि र बोलपत्र फाराम दस्तूर बापत यस कार्यालयमा नगदै तिरेको वा
लक्ष्मी सनराइज बैंकको शाखा कार्यालय लेकम मा रहेको यस कार्यालयको खाता नं.०९००३०००२०० मा नगद जम्मा गरेको नगद भौचर साथ निवेदन पेश गरी यो सूचना प्रथमपटक प्रकाशन भएको मितिले १५ औ दिनको कार्यालय समयभित्र कार्यालयबाट बोलपत्र खरिद गर्न सकिनेछ ।बोलपत्र पेश गर्ने अन्तिम दिन सार्वजनिक बिदा पर्न गएमा सोको लगत्तै पछिको कार्यालय खुल्ने दिन उल्लिखित कार्य हुनेछ ।
२. बोलपत्र सम्बन्धी फाराम भर्दा कबोल रकम अक्षर र अंकमा स्पष्ट उल्लेख गर्नु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षररलाई मान्यता दिईनेछ ।आफूले कबोल गरेको अंकको ५ प्रतिशतको

दीपक राज जोशी
प्रमुख प्रशासकीय अधिकृत

दरले हुन आउने धरौटी रकम यस कार्यालयको लक्ष्मी सनराइज बैंङ्कमा रहेको धरौटी खाता नं **.०९००३०००१८७** मा जम्मा गरी सोको सक्कल बैंक भौचर वा नेपाल सरकारबाट इजाजत प्राप्त क वर्गको वाणिज्य बैंङ्कबाट यस कार्यालयको नाममा बोलपत्र नं र नाम उल्लेख गरी १२० दिनको म्याद सहित जारी गरिएको बिड बन्ड सिलबन्दी खाम साथ पेश गर्नु पर्नेछ ।

३. खरिद गरेको बोलपत्र फारामहरुमा उल्लेख भएका सबै विवरणहरु भरी बोलपत्रदाताले प्रत्येक पानामा सही छाप गरी सिलबन्दी गरी खाम बाहिर फर्मको नाम, ठेगाना, कामको विवरण र मोबाइल नं स्पष्ट खुलाई फर्मको छाप लगाई प्रथम पटक सूचना प्रकाशित भएको मितिले १६ औ दिनको दिनको १२ बजे भित्र यस कार्यालयमा हार्डकपी दर्ता गर्नुपर्नेछ ।

४. एउटा फर्म वा संस्थाका नाममा खरिद गरिएको बोलपत्र अर्को फर्म वा संस्थाका नामबाट दाखिला गर्न पाइने छैन । रीतपूर्वक पर्न आएका बोलपत्र सम्बन्धी कागजातहरु पेश गर्ने अन्तिम दिनको १ बजे देखि सम्बन्धित सबैको रहोबरमा यस कार्यालयमा खोलिनेछ । साथै बोलपत्रदाता वा निजको प्रतिनिधि बोलपत्र खोल्ने समयमा उपस्थित नभएमा बोलपत्र खोल्न बाधा पर्ने छैन । उक्त दिनमा बिदा परेमा सो कार्य बिदाको लगत्तै पछि कार्यालय खुलेको दिनमा गरिनेछ ।

५. बोलपत्र सम्बन्धी विस्तृत जानकारी बोलपत्र सम्बन्धी फाराममा उल्लेख गरिएको हुँदा सोही पुस्तिकाबाट अवगत गर्न वा यस कार्यालयमा सम्पर्क राख्न सकिनेछ । म्याद नाघी, रीत नपुगी वा शर्तसहित पेश हुन आएका बोलपत्र स्वीकार गर्न यस कार्यालय बाध्य हुने छैन । बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

दीपक राज जोशी
प्रमुख प्रशासकीय अधिकृत

लेकम गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
रातामाटा, दार्चुला
सुदूरपश्चिम प्रदेश, नेपाल
२०७३

# लेकम गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
## रातामाटा, दार्चुला
## सुदूरपश्चिम प्रदेश, नेपाल

# टेण्डर डकुमेन्ट

## (आन्तरीक श्रोत उठाउने ठेक्का सम्बन्धि व्यवस्था गर्ने)

## आ.व. २०८३/०८४

**ठेक्काको नाम** : स्वीकृत प्रारम्भिक वातावरणीय प्रतिवेदन मा उल्लेख भए बमोजिम चमेलिया नदीको (लेकम गा.पा.वडा न. १ को चोचेबगर बोरेगाड क्षेत्र) प्राकृतिक श्रोत नदी जन्य पदार्थ (ढुङ्गा, गिट्टी, बालुवा तथा ग्राभेल आदि) को बिक्रि शुल्क संकलन।

**ठेक्का नम्बर** : LRM/IR/03/2082/083

प्रथम पटक सूचना प्रकासित मिति :२०८३/०५/१८

बोलपत्र खरिद गर्नु पर्ने अन्तिम मिति :२०८३/०६/०१

बोलपत्र दर्ता गर्नु पर्ने अन्तिम मिति :२०८३/०६/०२

बोलपत्र दाताको नाम :

ठेगाना :

प्रतिनिधिको दस्तखत :

नाम :

मिति :

छाप :

दीपक राज जोशी
प्रमुख प्रशासकीय अधिकृत

लेकम गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
रातामाटा, दार्चुला
सुदूरपश्चिम प्रदेश, नेपाल
२०७३

# लेकम गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
# रातामाटा, दार्चुला
# सुदूरपश्चिम प्रदेश, नेपाल

## टेण्डर डकुमेन्ट

## (आन्तरीक श्रोत उठाउने ठेक्का सम्बन्धि व्यवस्था गर्न)

## आ.व. २०८३/०८४

ठेक्काको नाम : स्वीकृत प्रारम्भिक वातावरणीय प्रतिवेदन मा उल्लेख भए बमोजिम चमेलिया नदीको (लेकम गा.पा.वडा न. १ को चोचेबगर बोरेगाड क्षेत्र) प्राकृतिक श्रोत नदी जन्य पदार्थ (ढुङ्गा, गिट्टी, बालुवा तथा ग्राभेल आदि) को बिक्रि शुल्क संकलन।

ठेक्का नम्बर : LRM/IR/01/2083/084

प्रथम पटक सूचना प्रकासित मिति : २०८३/०५/१८

स्थानीय सरकार सञ्चालन ऐन, २०७४, को दफा ६२(क) र सुदूरपश्चिम प्रदेश सरकारको आर्थिक ऐन, २०८२ को दफा ८ को उपदफा १ र यस लेकम गाउँपालिकाको कार्यपालिका बैठकको निर्णय बमोजिम चमेलिया नदीको (लेकम गा.पा.वडा न. १ को चोचेबगर बोरेगाड क्षेत्र) प्राकृतिक श्रोत नदी जन्य पदार्थ (ढुङ्गा, गिट्टी, बालुवा तथा ग्राभेल आदि) को बिक्रि शुल्क संकलन तपशिलमा चमेलिया नदीको स्वीकृत घाटहरुमा निर्धारित मापदण्ड बमोजिम नदीजन्य पदार्थ उत्खनन गरी लेकम गाउँ पालिकाले तोकेको दरमा बिक्री गर्ने गरी ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले ईच्छुक व्यक्ति, फर्म वा कम्पनीहरुले फर्मको नवीकरण भएको प्रमाणपत्र, मूल्य

दीपक राज जोशी
प्रमुख प्रशासकीय अधिकृत

अभिवृद्धी  कर दर्ता प्रमाणपत्र, आ. व.  २०८२/०८३ को कर चुक्ता प्रमाणपत्र वा सम्बन्धित आ.व.का मा कर बिबरण पेश गरेको प्रमाण, कानुनी रुपमा योग्य रहेको घोषणा पत्र, अख्तियारिनामा र नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपिहरु संलग्न गरी तपसिल बमोजिमका शर्तहरुको अधीनमा रही बोलपत्र प्रक्रियामा सहभागी हुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**<u>परिचय</u>**

स्थानीय सरकार संचालन ऐन २०७४ बमोजिम आन्तरिक स्रोत उठाउने अधिकार प्रदान गरे अनुरुप लेकम गाउँपालिका मा आर्थिक बर्ष २०८३/०८४ मा आन्तरीक श्रोत उठाउन श्रोतका शीर्षक एकिन गरी न्यूनतम कबुल अंक निश्चित गरिएको छ । यसरी एकिन भएका शिर्षक र न्यूनतम कबूल अंकमा आधारित भएर आन्तरिक श्रोत उठाउने सम्बन्धि बोलपत्र आह्वानको सूचना  मिति २०८३/०५/१८ मा प्रकाशित भएको छ । सो सूचना र यस लेकम गाउँपालिकाको आन्तरिक आय (ठेक्का) बन्दोबस्ती सम्बन्धी कार्यविधि २०८२ अनुसार यो टेण्डर डकुमेण्ट्स तयार पारिएको छ ।

२.    परिभाषा र व्याख्या

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस टेण्डर डकुमेण्टसमा ।

(क)   “कार्यालय” भन्नाले लेकम गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय रातामाटा, दार्चुला सम्झनु पर्दछ ।

(ख)   “आन्तरिक श्रोत ” भन्नाले गाउँ सभाले आ. व. २०८२/०८३ का लागी स्वीकृत गरेको आन्तरीक श्रोतका शीर्षकहरु सम्झनु पर्दछ र सो शब्दले न्यूनतम कवुल अंक समेत जनाउछ ।

(ग)   “ऐन” भन्नाले स्थानीय सरकार संचालन ऐन २०७४ सम्झनु पर्दछ । सान्दर्भिक विषयमा सार्वजनिक खरिद ऐन —२०६३ समेत सम्झनु पर्दछ ।

(घ)   “कार्यविधि” भन्नाले आन्तरिक आय(ठेक्का) बन्दोबस्त सम्बन्धी कार्यविधि २०८२ र सार्वजनिक खरिद नियमावली २०६४ लाई सम्झनु पर्दछ ।

(ङ)   “ठेकेदार” भन्नाले ठेक्का दिईएका र ठेक्काको शर्त अनुसार कार्य पुरा गर्ने जिम्मा लिएका व्यक्ति वा निजका प्रतिनिधि सम्झनु पर्दछ ।

दीपक राज जोशी
प्रमुख प्रशासकीय अधिकृत
लेकम गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
रातामाटा, दार्चुला
सुदूरपश्चिम प्रदेश, नेपाल
२०७३

(च) "सम्झौता "भन्नाले कामहरु गर्नका लागि दुवै पक्षको दायित्व निर्धारण गरी कार्यालय र ठेकेदारका बीचमा हस्ताक्षर भएको कागजात सम्झनु पर्दछ ।

ठेक्का विवरण

| आन्तरिक आय ठेक्का न. | आन्तरिक आय ठेक्काको नाम | उत्खनन परिणाम (घन फिट) | न्यूनतम बोलपत्र रकम(मू. अ. कर बाहेक) | धरौटी रकम | बोलपत्र दस्तूर |
|---|---|---|---|---|---|
| LRM/IR/03/ 2083/084 | चमेलिया नदीको ( लेकम गा.पा. वडा न. १ को चोचेबगर बोरेगाड क्षेत्र) प्राकृतिक श्रोत नदि जन्य पदार्थ ( ढुंगा गिट्टी वालुवा तथा ग्रावेल आदि) को बिक्रि शुल्क संकलन | १५१६२१४.०३ | ६०६४८५६.१२ | कुल कबोल अंकको ५%ले हुन आउने रकम | ३०००.०० |

### १.ठेक्काका शर्तहरु

क) फर्मको हकमा नवीकरण भएको दर्ता प्रमाणपत्र, मूल्य अभिवृद्धी कर दर्ता प्रमाणपत्र, आ.व. २०८२/०८३ को करचुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि र व्यक्तिको हकमा नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, बोलपत्र फाराम दस्तूर बापत यस कार्यालयमा नगदै तिरेको वा लक्ष्मी सनराइज बैंकको शाखा कार्यालय लेकम मा रहेको यस कार्यालयको खाता नं ०९००३०००२०० मा नगद जम्मा गरेको नगद भौचर साथ निवेदन पेश गरी यो सूचना प्रथमपटक प्रकाशन भएको मितिले १५ औ दिनको कार्यालय समयभित्र कार्यालयबाट बोलपत्र खरिद गर्न सकिनेछ ।बोलपत्र पेश गर्ने अन्तिम दिन सार्वजनिक बिदा पर्न गएमा सोको लगत्तै पछिको कार्यालय खुल्ने दिन उल्लिखित कार्य हुनेछ ।

ख) बोलपत्र सम्बन्धी फाराम भर्दा कबोल रकम अक्षर र अंकमा स्पष्ट उल्लेख गर्नु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षररलाई मान्यता दिईनेछ ।आफूले कबोल गरेको अंकको ५ प्रतिशतको दरले हुन आउने धरौटी रकम यस कार्यालयको लक्ष्मी सनराइज बैंङ्कमा रहेको धरौटी खाता नं

दीपक राज जोशी
प्रमुख प्रशासकीय अधिकृत

०९००३०००१८७ मा जम्मा गरी सोको सक्कल बैंक भौचर वा नेपाल सरकारबाट इजाजत प्राप्त क वर्गको वाणिज्य बैंङ्कबाट यस कार्यालयको नाममा बोलपत्र नं र नाम उल्लेख गरी १२० दिनको म्याद सहित जारी गरिएको बिड बन्ड सिलबन्दी खाम साथ पेश गर्नु पर्नेछ ।

ग) खरिद गरेको बोलपत्र फारामहरुमा उल्लेख भएका सबै विवरणहरु भरी बोलपत्रदाताले प्रत्येक पानामा सही छाप गरी सिलबन्दी गरी खाम बाहिर फर्मको नाम, ठेगाना, कामको विवरण र मोबाइल नं स्पष्ट खुलाई फर्मको छाप लगाई प्रथम पटक सूचना प्रकाशित भएको मितिले १६ औ दिनको दिनको १२ बजे भित्र यस कार्यालयमा हार्डकपी दर्ता गर्नुपर्नेछ ।

घ) एउटा फर्म वा संस्थाका नाममा खरिद गरिएको बोलपत्र अर्को फर्म वा संस्थाका नामबाट दाखिला गर्न पाइने छैन । रीतपूर्वक पर्न आएका बोलपत्र सम्बन्धी कागजातहरु पेश गर्ने अन्तिम दिनको २ बजे देखि सम्बन्धित सबैको रहोबरमा यस कार्यालयमा खोलिनेछ । साथै बोलपत्रदाता वा निजको प्रतिनिधि बोलपत्र खोल्ने समयमा उपस्थित नभएमा बोलपत्र खोल्न बाधा पर्ने छैन ।उक्त दिनमा बिदा परेमा सो कार्य बिदाको लगत्तै पछि कार्यालय खुलेको दिनमा गरिनेछ ।

ङ) बोलपत्र स्वीकृत भएको ७ (सात) दिन भित्र ठेक्का सम्झौता गरिसक्नु पर्नेछ । म्याद भित्र सम्झौता गर्न नआएमा राखेको धरौटी जफत गरिनेछ र ठेक्का रकमको भुक्तानी देहायअनुसार हुनेछ ।

| किस्ता | किस्ता बुझाउनु पर्ने मिति | रकम |
|---|---|---|
| पहिलो | सम्झौता हुँदाका बखत | कबोल अंकको ३०% ले हुन आउने रकम र ठेक्का अंकको मू.अ. कर समेत |
| दोश्रो | २०८३ साल फागुन मसान्त भित्र | कबोल अंकको ३५% ले हुन आउने |
| तेस्रो | २०८४ साल जेष्ठ मसान्त भित्र | कबोल अंकको ३५% ले हुन आउने |

साथै ठेक्का सम्झौता गर्दा बाकी रहने ७० प्रतिशत रकम बराबरको नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त बैंकबाट यस कार्यालयको नाममा जारी गरेको ठेक्का अवधिको परफरमेन्स बण्ड जमानत वाफत राख्नु पर्नेछ ।

च) कार्यालयको हितलाई ध्यानमा राखी बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार कार्यालयमा सुरक्षित रहनेछ ।

छ) ठेक्का सम्झौता नगरी ठेक्का चलन गर्न पाईने छैन । समयमा सम्झौता नगरी ठेक्का चलन पूर्जी नलिएको कारणबाट कुनै किसिमको छूट वा मिनाहा हुने छैन ।

दीपक राज जोशी
प्रमुख प्रशासकीय अधिकृत

ज) कर, दस्तुर, शुल्क तोकिएको संकलन केन्द्रमा उठाउनुपर्ने छ । राष्ट्रिय राजमार्ग र सहायक राजमार्गमा ढाट राख्न पाईने छैन ।

झ) ठेक्काबाट उठाईने बस्तु तथा सेवाको कर शुल्क , दस्तुरका दररेटहरु नगर सभा तथा प्रदेश सभाबाट पारित भए बमोजिम रहनेछन् । सो दर रेटमा संघीय सरकार र सुदूरपश्चिम प्रदेश सरकारको निर्णय तथा प्रचलित ऐन कानुनमा कुनै परिवर्तन भएमा सोही बमोजिम हुने छ।

ञ) कर उठाउदा प्रयोग हुने रसिदहरु ठेकेदारले आफ्नो तर्फबाट छपाई यस कार्यालयबाट प्रमाणित गराउनु पर्नेछ । प्रमाणित नगरेको रसिदबाट कर उठाउन पाईने छैन । त्यस्तो रसिदबाट कर उठाएको उजुरी वा जानकारी आएमा नियमानुसार कार्वाही गरिनेछ ।

ट) कर उठाउने ठाउंमा दररेट स्पष्ट देखिने गरी सुचना पाटी बनाई अनिवार्य रुपले राख्नुपर्नेछ ।

ठ) एक स्थानीय तहमा कर दस्तुर बुझाई सकेको प्रमाण पेश गरेमा पुनः कर दस्तुर शुल्क लिन पाईने छैन ।

ड) सम्झौतामा भएको दररेट भन्दा फरक पारी वा सम्झौतामा उल्लेख नभएका सामानमा/वस्तुमा कर लिन पाईने छैन

ढ) यस कार्यालयमा तिर्नुपर्ने बाकीं वकयौता भएका व्यक्ति वा फर्मको बोलपत्र स्वीकृत गरिने छैन ।

ण) ठेकेदार र यस गाउँपालिकाको कार्यालय बिच ठेक्का शर्त वा ठेक्का संचालन सम्बन्धी अन्य विषयमा कुनै विवाद उठेमा यस कार्यालयको निर्णय अन्तिम हुनेछ । यसमा ठेकेदारको उजुरी लाग्ने छैन ।

त) ठेक्का कबोल गरेको अंक एकमुष्ठ बुझाएमा औचित्यता हेरी नियमानुसार कबोल अंकको बढिमा ५ प्रतिशत सम्म छुट दिन सकिनेछ ।

थ) ठेक्का सम्झौता गरी संचालन गरेपछि कुनै पनि शर्तमा कबुल रकम मिनाहा हुने छैन ।

द) बोलपत्र दोहोरो दर्ता भएमा दुवै बोलपत्र नखोली अस्वीकृत गरिने छ ।

ध) ठेक्का सम्बन्धी अन्य कुराहरु प्रचलित ऐन नियम अनुसार हुनेछन् ।

## २. बोलपत्र दाताको योग्यता :

यस पालिकाको आन्तरिक आय संकलनको ठेक्का लिन चाहने बोलपत्र दाताको योग्यता निम्नानुसार हुनु पर्नेछ ।

क) बोलपत्र दाता प्रचलीत कानुन बमोजिम स्थापना भएको संगठीत सस्था हुनु पर्नेछ ।

ख) यस पालिकाको रेकर्डमा नगदी, जिन्सी बुझाउन बाँकी हुनु हुदैन ।

दीपक राज जोशी
प्रमुख प्रशासकीय अधिकृत
नैकम गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
रातामाटा, दार्चुला
सुदूरपश्चिम प्रदेश, नेपाल
२०७३

ग)  बोलपत्र दाता दिवालिया भएको हुनु हुदैन ।

घ)  बोलपत्र दाता कालोसुचिमा परेको हुनु हुदैन ।

## ३.बोलपत्र पेश गर्ने तरिका :

यस पालिकाको आन्तरीक आय संकलनको ठेक्का लिन चाहने बोलपत्र दाताको बोलपत्र पेश गर्ने तरिका निम्नानुसार हुनेछ ।

क)  गाउँपालिकाबाट तोकिएनुसारको शुल्क तिरि बोलपत्र खरीद गर्ने र सो को सम्पूर्ण अध्ययन गरी लिन चाहेको ठेक्काको विषयमा स्थलगत राम्ररी बुझ्ने कार्य बोलपत्र दाता स्वयंले गर्नु पर्नेछ ।

ख)  बोलपत्र को सूचनामा उल्लेख भए अनुसारको जमानत/धरौटीको सक्कल प्रति र आवश्यक कागजात प्रमाणहरुको प्रतिलिपि बोलपत्र साथ राखी बोलपत्र फाराम भरी अधिकार प्राप्त व्यक्तिबाट दस्तखत सहि छाप गरी ठेक्का लिन चाहेको ठेक्काको नाम उल्लेख गरी तोकिएको समयमा पेश गरी सक्नु पर्नेछ ।

## ४.बोलपत्र खोल्ने प्रक्रिया :

नियमानुसार रित पुर्वक प्राप्त बोलपत्रहरु निम्न प्रक्रिया पुगाई खोलिने छ ।

क)  बोलपत्र खोल्ने मिति, समय र स्थान बोलपत्र आह्वानको सूचनामा उल्लेख भए अनुसार नै खोलिने छ ।

ख)  बोलपत्र दाता र अन्य सरकारी कार्यालयको प्रतिनिधिहरुको रोहवरमा खोलिने छ । बोलपत्र दाता उपस्थित नभए पनि बोलपत्र खोल्न बाधा पर्ने छैन ।

## ५.बोलपत्रको मुल्यांकन :

बोलपत्र खोली सकेपछि रितपूर्वक प्राप्त मुल्यांकन निम्नानुसार हुनेछ ।

क)  रितपूर्वकको बोलपत्र प्राप्त भएको हुनुपर्ने छ ।

ख)  न्यूनतम अंक भन्दा बढी कबुल गर्ने बोलपत्र दाताको तुलनात्मक विवरण बनाई पेस भएका कागजात , प्रमाण, जमानत/धरौटी अध्ययन गरीन्छ ।

ग)  रित पुर्वक पेस भएका बोलपत्र मध्ये न्यूनतम अंक भन्दा बढी कबोल गर्ने मध्ये सबैभन्दा बढी अंक कबूल गर्नेको ठेक्का स्वीकृत गर्ने प्रक्रिया अगाडि बढाईनेछ ।

## ६. बोलपत्रको स्वीकृति

दीपक राज जोशी
प्रमुख प्रशासकीय अधिकृत
लेकम गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
शर्मापाटा, दार्चुला
सुदूरपश्चिम प्रदेश, नेपाल
२०७३

रितपुर्वक प्राप्त बोलपत्रहरु निम्नानुसार स्वीकृत गरीनेछ ।

क) प्राप्त बोलपत्रहरु स्वीकृत गर्ने वा नगर्ने अधिकार लेकम गाउँपालिकाको कार्यालय, शर्मापाटा, दार्चुलामा रहनेछ ।

ख) रित पुर्वक बोलपत्र प्राप्त भएपछि सबैभन्दा बढी कबुल गर्नेको बोलपत्र स्वीकृत गरीने छ ।

ग) ठेक्का स्वीकृत भएको ७ (सात) दिनभित्र जमानत/धरौटी लिई सम्झौता गर्न आउन यस कार्यालयबाट सूचित गरिनेछ । यसरी सूचित गराउदा लेकम गाउँपालिको वेबसाइटमा सूचना गरी जानकारी गराएमा बोलपत्र दाता स्वयम सूचित भएको मानिनेछ ।

## ७. जमानत/धरौटी

यस कार्यालय बाट ठेक्का स्वीकृत भएको जानकारी प्राप्त भएपछि बोलपत्र दाताले बोलपत्र आह्वानको सूचनामा उल्लेख भए अनुसारको नियमानुसार आवश्यक पर्ने जमानत/धरौटी राखेको प्रमाण साथमा लिई ताकिएको म्याद भित्र सम्झौता गर्न बोलपत्र दाता कार्यालयमा उपस्थित हुनुपर्ने छ ।

## ८. सम्झौता र कार्य आदेश

सम्झौता र कार्य आदेश निम्न अनुसार हुनेछ ।

क) बोलपत्र स्वीकृत भए पश्चात कबोल रकम र सो मा लाग्ने दर दाखिला गरी कार्य सम्झौताको लागि सम्पर्क राख्न स्वीकृत बोलपत्रदातालाई ७ दिनको म्याद दिई सूचना गरिनेछ । तोकिएको म्यादभित्र रकम दाखिला नगरेमा निजका नामको धरौटी जफत गरी क्रमशः दोस्रो र तेस्रो कबोलदातालाई रकम सहित सम्झौताको लागि आह्वान गरिनेछ । सम्झौता नभए सम्म तेस्रो कबोलदाता सम्मको धरौटी कामय राखिनेछ । तर यसरी दोस्रो वा तेस्रो साकार कर्ताको बोलपत्र स्वीकृत गर्दा पहिलो साकार कर्ताले सकारेको कबोल अंकमा जफत गरिएको धरौटी रकम घटाउदा हुन आउने रकम भन्दा कममा बोलपत्र स्वीकृत गरिने छैन ।

ख) बोलपत्र दाता र कार्यालय बीच सम्झौता भएपछि ठेक्का चलन गर्न पाउने दर रेटको विवरण उल्लेख साथ ठेक्का चलनको लागि कार्य आदेश ठेकेदारलाई प्रदान गरिनेछ ।

ग) ठेकेदारले पनि सम्झौतामा उल्लेखित शर्त बन्देजको पूर्ण पालना गरी गराई ठेक्का चलन गर्नु गराउनु पर्नेछ ।

घ) ठेकेदार र कार्यालय बीच भएको सम्झौता अनुसार ठेक्का चलन नगरेमा सम्झौतामा उल्लेख भए अनुसार ठेक्का कार्यालयलले तोड्न पनि सक्ने छ ।

दीपक राज जोशी
प्रमुख प्रशासकीय अधिकृत

९. <u>ठेकेदारले पालना गर्नुपर्ने आचरण</u>

क) ठेक्का पाउने ठेकेदारले कार्यालय र व्यवसायी सम्बन्धित सवैसंग सभ्य ,शिष्ट र सम्मानीत व्यवहार गर्नुपर्ने छ ।

ख) ठेक्का संग सम्बन्धीत पत्राचार शिष्ट र मर्यादित भाषामा हुनु पर्नेछ ।

ग) कार्यालयमा तालबन्दी, कार्यालयका पदाधिकारी कर्मचारीलाई घेराउ गर्न जस्ता आचरण गर्न पाईने छैन ।

१०. <u>आकस्मीक अवरोध व्यवस्थापन</u>

ठेकेदारको काबु बाहिरको परीस्थितीले आकस्मिक रुपमा कामको अवरोध आएमा ठेकेदारले त्यसको सुचना तुरुन्त कार्यालयमा दिनु पर्नेछ । कार्यालय र ठेकेदार दुवैलाई मर्का नपर्ने गरी दुवै पक्षले आपसी सहमतिमा त्यस्तो अवरोध को व्यवस्थापन गर्ने छन् ।

११. <u>विवाद समाधान</u>

कार्यालय र ठेकेदार विच विवाद उत्पन्न भएमा यस गाउँपालिकाको कार्यपालिका बैठकको निर्णयबाट विवाद समाधान गरिनेछ ।

१२. <u>कार्य सम्पन्न</u>

जुन आर्थिक वर्षको लगि ठेक्का प्राप्त भएको हो सो आर्थिक वर्ष समाप्त भएको १५ दिन भित्र कार्यालयले ठेकेदारलाई कार्य सन्तुष्टिको प्रमाण पत्र जारी गर्ने छ । कार्य सन्तुष्टि नभएको अवस्थामा असन्तुष्टिका बुदा खोली कार्यानुभवको प्रमाण पत्र मात्र कार्यलयले प्रदान गर्ने छ ।

१३. लेकम गाउँपालिकाका नदिका विभिन्न घाट (चमेलिया नदीका चोचेबगर बोरेगाड क्षेत्र ) बाट ढुङ्गा, गिट्टी, बालुवा, ग्राभेल र बिक्री दर

| विवरण | इकाई | न्यूनतम दर |
|---|---|---|
| ढुंगा,गिट्टी, बालुवा, स्लेट, ग्राभेल र रोडा(स्वीकृत खाली क्षेत्र बाहेक) | प्रति घनफिट/घन मिटर | रु.४/रु. १४१.२६ |

दीपक राज जोशी
प्रमुख प्रशासकीय अधिकृत

१४.<u>**ठेक्का अवधि**</u>ः सम्झौता भएको मिति देखि २०८४ जेष्ठ मसान्त सम्म हुनेछ । सो अवधि सम्म तोकिएका खोलाहरु बाट उत्खनन् तथा संकलन गरी बिक्री गरिने सामान्य निर्माण मुखी सामग्रीको कुल परिमाण एवं दैनिक बिक्री परिमाण

**चोचेबगर बोरेगाड क्षेत्रका घाटहरुबाट उत्खनन् हुने जम्मा परिमाण ४२९३४.४० घ.मी. दैनिक उत्खनन् हुने परिमाण १५९.०२ घ.मी.**

दीपक राज जोशी
प्रमुख प्रशासकीय अधिकृत

लेकम गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
रातामाटा, दार्चुला
सुदूरपश्चिम प्रदेश, नेपाल
२०७३

लेकम गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

**रातामाटा, दार्चुला**

**सुदूरपश्चिम प्रदेश, नेपाल**

आन्तरिक स्रोत उठाउने ठेक्का सम्बन्धी बोलपत्र फाराम

आ.व. २०८३/०८४

| ठेक्का न. | कबोल ठेक्का अंक (भ्याट बाहेक) | | धरौटी रकम र भौचर न. | |
|---|---|---|---|---|
| | अंकमा | अक्षरमा | अंकमा | अक्षरमा |
| LRM/IR/03/ 2083/084 | | | | |

ठेक्काका शर्तहरु अध्ययन गरी शर्त पालना गर्ने मन्जुरी का साथ माथि उल्लेखित व्यहोरा बमोजिम रकम उल्लेख गरी बोलपत्र पेश गरेको छु ।

बोलपत्र दाताको विवरण

व्यक्तिको नाम:

स्थायी ठेगाना :

सम्पर्क ठेगाना :

फर्मको नाम :

जिल्ला र दर्ता न. :

फोन / फ्याक्स न. :

दस्तखत :

मिति :